मानिनय मुख्य मन्त्री ज्यू
मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय
गण्डकी प्रदेश, पोखरा ।

मिति: २०८०/१०/२३ गते

विषय: प्रदेश यातायात व्यवस्था नियमावली २०८० का केही बुँदा खारेज तथा संशोधन सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा गण्डकी प्रदेश सरकार द्वारा प्रकाशित खण्ड ६ पोखरा माघ १८ २०८० साल संख्या ५ गण्डकी प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली प्रकाशन हुँदा अवस्था अगावै सार्वजनिक यातायात संचालन गर्दै आएका सरोकारवाला व्यवसायी एवम् मजदुर सँग कुनै पनि छलफल नगरि एकल रुपमा नियमावली प्रदेश सरकारबाट प्रकाशित हुँदा उक्त नियमावलीका केही बुँदाहरु प्रति हामी सरोकारवालाहरु सवैको गम्भीर ध्यानाकर्षण भएको छ ।
अत: उक्त प्रकाशित नियमावलीका तपशिलमा उल्लेखित बुँदाहरु खारेज तथा संशोधन गर्न अत्यावश्यक देखिएको हुँदा हामी सरोकार निकायले प्रदेश सरकार सँग जोडदार माग गर्दछौं । साथै हाम्रो मागलाई ३ दिन (७२ घण्टा) भित्रमा सुनावाई नगरेमा हामी वाध्य भई आन्दोलनका कार्यक्रम घोषणा गर्न समेत वाध्य हुने जानकारी गराउँदछौं ।

तपशिल:

१. नियमावलीको परिच्छेद २ को नियम ८ को उप-नियम १ को नीजि सवारी प्रयोग भन्ने नियम पूर्ण रुपमा खारेजी हुनु पर्ने साथै ८ को उप- नियम ३ समेत खारेजी हुनु पर्ने ।
२. नियमावलीको परिच्छेद ३ को नियम २० को डिजेलबाट चल्ने ट्याक्सी भन्ने हटाउनु पर्ने साथै नियम २३ लाई संशोधन गर्नु पर्ने ।
३. नियमावलीको परिच्छेद ६ को नियम ४९ को उप-नियम ३ गण्डकी प्रदेश भरीलाई मार्ग इजाजत पत्र कार्यान्वयन गर्नका लागि सार्वजनिक भाडाका (ट्याक्सी)को नयाँ दर्ता रोकी विस्थापन नितिलाई यथावत कायम गरेर मात्र लागु गर्नु पर्ने ।
४. नियमावलीको परिच्छेद ६ को नियम ५६ को ङ लाई हटाउनु पर्ने ।
५. नियमावलीको परिच्छेद ६ को नियम ७५ लाई अनिवार्य संशोधन गर्नु पर्ने ।
६. नियमावलीको परिच्छेद ६ को नियम ७६ लाई संशोधन गरी यातायात व्यवसायीको प्रतिनिधि अनिवार्य समावेश गरिनु पर्ने ।
७. लामो दुरी, मध्यम दुरी तथा नगर भित्र संचालित सार्वजनिक सवारी साधन संचालनका लागि व्यवस्थित बसपार्क हुनु पर्ने ।
८. लामो दुरीका चालकलाई सुविधा सम्पन्न विश्राम स्थल हुनु पर्ने ।
९. कानुन विपरीत संचालित एप्सहरुलाई तुरुन्त बन्द गरिनु पर्ने ।
१०. ट्राफिक तथा यातायात व्यवस्था कार्यालयले गर्ने जरिवाना तथा कारबाही सम्बन्धमा पुनर्बिचार हुनु पर्ने ।

११. विद्युतिय सवारी खरिद गर्न प्रोत्साहन स्वरुप सरकार द्वारा ३ प्रतिशत व्याजदरमा ऋण उपलब्ध गराउनु पर्ने साथै विद्युतिय सवारीले वायु प्रदुषण नगर्ने भएको हुँदा ३० वर्ष आयु खारेज गरिनु पर्ने ।

१२. गण्डकी प्रदेश भित्रका सार्वजनिक सवारी साधन गन्तव्य बिन्दुको नजिकै चेकजाँच गरि क्लिन चिट दिने व्यवस्था गरि सहज बनाउनु पर्ने ।

१३. सामजिक सुरक्षा ऐन २०७४ मा यातायात क्षेत्रका चालक, परिचालक, कर्मचारी र स्वरोजगार चालकलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने व्यवस्था गरिनु पर्ने ।

१४. सार्वजनिक यातायातका चालक, स्वरोजगार चालक र यातायात श्रमिकलाई प्रदेश सरकारको तर्फबाट तालिम, प्रशिक्षण तथा स्वास्थ्य प्रशिक्षणको व्यवस्था गर्नु पर्ने ।

१५. गण्डकी प्रदेश सरकारले सार्वजनिक सवारी साधनको वैज्ञानिक भाडादर कायम गरि स्वचालित भाडादर कार्यान्वयन गरिनु पर्ने ।

१६. प्रदेश स्तरिय यातायात प्राधिकरण गठन गरिनु पर्ने ।

१७. प्रयोजन विपरीत संचालित सवारी साधनहरु नियमन, नियन्त्रण र निरुत्साहित गर्न प्रदेश स्तरिय अनुगमन समिति गठन गरिनु पर्ने जसमा सार्वजनिक यातायात व्यवसायी तथा मजदुरको प्रतिनिधित्व हुनु पर्ने ।

**बोधार्थ:**

१. भौतिक पूर्वाधार विकास तथा यातायात मन्त्रालय, गण्डकी प्रदेश, पोखरा ।

केदार प्रसाद पौडेल
संयोजक
नेपाल यातायात व्यवसायी
राष्ट्रिय महासंघ, गण्डकी प्रदेश समिति

निधिराज गिरी
सचिव
सार्वजनिक यातायात केन्द्रिय महासंघ नेपाल

विष्णु बहादुर खत्री
अध्यक्ष
नेपाल यातायात स्वतन्त्र मजदुर संगठन
गण्डकी प्रदेश समिति

किरणबाबु पन्त
अध्यक्ष
नेपाल यातायात मजदुर संघ, गण्डकी प्रदेश समिति

...भक्त पौडेल
अध्यक्ष
अखिल नेपाल यातायात मजदुर संघ
गण्डकी प्रदेश, समिति

तिल बहादुर विश्वकर्मा
अध्यक्ष
एकिकृत ट्रेड युनियन महासंघ गण्डकी प्रदेश